# नेपालगञ्ज राजपत्र

**नेपालगञ्ज उपमहानगरपालिकाद्वारा प्रकाशित**

खण्ड (९) नेपालगञ्ज, असार १९ गते २०८३ साल (संख्या १

## भाग २

## नेपालगञ्ज उपमहानगरपालिकाको सूचना

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकाबाट मिति २०८३/०२/२७ गते स्वीकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०८३ सालको नियम नं. १**

## नेपालगञ्ज उपमहानगरपालिकाको एकीकृत स्थानीय सञ्चार कार्यविधि २०८३

# नेपालगञ्ज उपमहानगरपालिकाको एकीकृत स्थानीय सञ्चार कार्यविधि, २०८३

## प्रस्तावना

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका आमसञ्चार माध्यमहरूलाई मर्यादित, व्यावसायिक र जवाफदेही बनाई नगरको समग्र विकास प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न, सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन, स्थानीय छापा, विद्युतीय र अनलाइन सञ्चार माध्यमहरूको प्रवर्द्धन तथा नियमन गर्न र पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ एवम् नेपालगञ्ज उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८३।०२।२७ गतेको निर्णय अनुसार “एकीकृत स्थानीय सञ्चार कार्यविधि, २०८३” जारी गरि लागू गरिएको छ ।

## परिच्छेद:- १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “एकीकृत स्थानीय सञ्चार कार्यविधि, २०८३” रहेको छ ।

(ख) यो कार्यविधि नेपालगञ्ज राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) “उपमहानगरपालिका” भन्नाले नेपालगञ्ज उपमहानगरपालिका सम्झनु पर्छ ।

(ख) "आमसञ्चार माध्यम" भन्नाले स्थायी ठेगाना नेपालगञ्ज उपमहानगरपालिका उल्लेख गरि सञ्चार क्षेत्र अन्तर्गत् छापा माध्यम, रेडियो, टेलिभिजन वा अनलाईन मिडियाको रुपमा दर्ता गरि सञ्चालनमा रहेका सञ्चार माध्यमहरुलाई सम्झनु पर्छ ।

(ग) "पत्रकार" : श्रमजिवी पत्रकार ऐन, २०८१ ले परिभाषित गरे अनुरुप पत्रकार सम्झनु पर्छ ।

(घ) "लेखन वृत्ति (फेलोसिप)" भन्नाले नेपालगञ्ज उपमहानगरपालिकालाई कार्यक्षेत्र बनाई विकासका वहुआयामिक क्षेत्रका खोजमूलक, अनुकरणयोग्य सन्देशमुलक समाचार सामग्री उत्पादन गरि आमसञ्चार माध्यमहरुमा प्रकाशन तथा प्रशारण गरे बापत आर्थिक रुपमा प्रोत्साहन गर्नुलाई सम्झनु पर्छ ।

(ङ) नेपाल पत्रकार महासंघ भन्नाले नेपाली पत्रकारहको छाता संगठनको रुपमा रहेको नेपाल पत्रकार महासंघको बाँके शाखालाई जनाउनेछ ।

३. उद्देश्यः

३.१ नगरपालिकाको सूचना प्रवाहलाई एकद्वार प्रणाली मार्फत व्यवस्थित र पारदर्शी बनाउने ।

३.२ स्थानीय सञ्चार माध्यमहरूको वर्गीकरण गरी उनीहरूको क्षमता र प्रभावका आधारमा प्रोत्साहन गर्ने ।

३.३ खोजमूलक र तथ्यपरक पत्रकारिताको माध्यमबाट सुशासन र जवाफदेहिता अभिवृद्धि गर्ने ।

३.४ स्थानीय पत्रकारहरूको वृत्ति विकास र सामाजिक सुरक्षामा लगानी गर्ने ।

## परिच्छेद:- २

**४. आमसञ्चार माध्यमको विश्लेषण, वर्गीकरण र परिभाषा : नेपालगञ्ज उपमहानगरपालिकाले सञ्चार माध्यमको प्रभाव, लगानी, जनशक्ति र सामग्रीको गुणस्तरका आधारमा परिभाषित गरि देहाय बमोजिम वर्गीकरण गरिनेछ ।**

**४.१ छापा सञ्चार माध्यम : प्रेस काउन्सिलको वर्गीकरणमा परि नेपालगञ्ज बाट नियमित प्रकाशित हुने पत्रिकाहरुलाई देहाय बमोजिम वर्गिकरण गरिने छ**

क. दैनिक पत्रिका : वर्षमा कम्तीमा ३०० अंक प्रकाशित गर्ने ।
ख. अर्ध साप्ताहिक : वर्षमा कम्तीमा ८० अंक प्रकाशित गर्ने ।
ग. साप्ताहिक : वर्षमा कम्तीमा ४० अंक प्रकाशित गर्ने ।
घ. पाक्षिक : वर्षमा कम्तीमा २० अंक प्रकाशित गर्ने ।
ङ. मासिक : वर्षमा कम्तीमा १० अंक प्रकाशित गर्ने ।
च. त्रैमासिक : वर्षमा कम्तीमा २ अंक प्रकाशित गर्ने ।
छ. अर्धवार्षिक : वर्षमा कम्तीमा १ अंक प्रकाशित गर्ने ।
ज. सांस्कृतिक/भाषिक पत्रिका : अवधी वा अन्य स्थानीय भाषामा प्रकाशित भई समुदायको संस्कृति संरक्षणमा योगदान पुर्याउने माध्यमलाई प्रोत्साहन गरिनेछ ।
झ. वर्गिकरणमा नपरेका सञ्चार माध्यमहरुको हकमा सञ्चार क्षेत्र प्रवर्द्धन समितिको निर्णय अनुसार वर्गिकरण गरिनेछ ।

**४.२ विद्युतीय सञ्चार माध्यम (Radio and TV)**

क. एफ.एम. रेडियोः १०० वाटदेखि २००० वाटसम्मका प्रसारण केन्द्रहरू । यिनलाई सामुदायिक र व्यापारिक गरी दुई भागमा बाँडिएको छ ।
ख. सामुदायिक सञ्चार माध्यम : सहकारी वा गैर–नाफामूलक संस्थाले

सञ्चालन गरेका, ६० प्रतिशत सामग्री स्थानीय उत्पादनमा केन्द्रित भएका ।
ग. टेलिभिजन : केवल नेटवर्क वा भू-उपग्रह मार्फत कार्यक्रम प्रसारण गर्ने स्थानीय स्टेशनहरू ।

४.३ अनलाइन र डिजिटल माध्यम (Online and Digital Media)
क. अनलाइन पत्रिकाः सूचना तथा प्रसारण विभागमा दर्ता/नविकरण भएका ।

५. उपमहानगरपालिकामा सूचीकृत गर्दा अपनाउनुपर्ने प्रक्रिया र कागजातहरू
नेपालगञ्ज उपमहानगरपालिकाको वार्षिक कार्यक्रमबाट सुविधा प्राप्त गर्न सञ्चार माध्यमले अनिवार्य रूपमा सूचीकृत गर्नुपर्नेछ ।

५.१ सूचीकृत सम्बन्धि प्रक्रिया :
क. उपमहानगरपालिकाले प्रत्येक आर्थिक वर्षको भाद्र १५ गते भित्र सूचीकृतका लागि आफ्नो आधिकारिक वेभसाईट मार्फत् सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।
ख. इच्छुक सञ्चार माध्यमले तोकीएको सेवा उल्लेख गरि सूचीकृतका लागि नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयमा आवेदन दिनुपर्नेछ ।
ग. पेश भएका सवै कागजातको जाँचबुझ गरी नगर कार्यपालिका कार्यालयले सूचिकृत भएको प्रमाण पत्र प्रदान गर्नेछ ।
५.२ सूचिकृतका लागि निवेदन पेश गर्दा आवश्यक पर्ने कागजातहरू :-
क. संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
ख. मन्त्रालय वा विभाग वा आधिकारिक निकाय बाट प्राप्त इजाजत/दर्ता प्रमाणपत्र ।
ग. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र ।

घ. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र । (पौष मसान्त भित्रको हकमा गत भन्दा अघिल्लो आ.व.को प्रमाणपत्र भएमा हुने तर कार्यसम्पन्न पश्चात् भुक्तानी लिंदा चालू आ.व. भन्दा अघिल्लो आ.व.को कर चुक्ता पेश गर्नुपर्नेछ ।)

ङ. वर्गिकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि ।

च. अनलाइन र डोमेन दर्ताको आधिकारिकता खुल्ने कागजात ।

## परिच्छेद:- ३

६. सञ्चार क्षेत्र प्रवर्द्धन समितिको गठन :- कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि नेपालगञ्ज उपमहानगरपालिकाद्धारा देहाय बमोजिम सञ्चार क्षेत्र प्रवर्द्धन समितिको गठन गरिनेछ ।

क. नगर प्रमुख वा उप प्रमुख – संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – सदस्य

ग. नेपाल पत्रकार महासंघ, बाँके शाखाका अध्यक्ष – सदस्य

घ. नगर कार्यपालिकाले तोकेको सञ्चार विज्ञ (१ जना) – सदस्य

ङ. नगर कार्यपालिका कार्यालयको सूचना प्रविधि अधिकृत – सदस्य सचिव

७. समितिको काम, कर्तव्य र अधिकार :

क. वर्गिकरणमा नपरेका स्थानीय सञ्चार माध्यमहरुको उपयुक्त मापदण्ड तय गरी वर्गीकरण गर्ने ।

ख. लोककल्याणकारी विज्ञापनको संख्या र दररेट निर्धारण गर्ने ।

ग. पत्रकार लेखन वृत्ति (Fellowship) का लागि प्रस्तावहरूको मूल्याङ्कन र छनोट गर्ने ।

घ. पत्रकार कल्याणकारी कोषको सञ्चालन र व्यवस्थापनमा समन्वय गर्ने ।

ङ. खोज पत्रकारिताका माध्यमबाट नेपालगञ्जको पहिचान र गौरवलाई देश, विदेशमा सकारात्मक सन्देश प्रभाव गर्ने सञ्चारकर्मी तथा सञ्चार माध्यमको

सुक्ष्म मूल्याङ्कन गरि पुरस्कारका लागि उपमहानगरपालिकामा सिफारिस गर्ने ।

च. उपमहानगरपालिकाद्धारा प्रवाह गरिने सूचनामा नगरवासीहरुको पहूँच पुरयाई स्थानीयस्तरका समस्याहरु उजागर गर्ने सञ्चार माध्यमहरुलाई आवश्यक सहयोगका लागि सिफारिस गर्ने ।

छ. मासिक कम्तिमा १ (एक) पटक र आवश्यक्तानुसार सो भन्दा बढी पटक बैठक बस्नलाई कुनै बाधा पर्ने छैन ।

ज. समितिको बैठकमा आवश्यक्तानुसार आमन्त्रितका रुपमा सरोकारवाला हरुलाई बोलाउन सकिनेछ ।

झ. बैठक बसेको दिन प्रति दिन तोकिएको भत्ता समितिका पदाधिकारीहरुलाई उपलब्ध हुनेछ ।

ट. आवश्यक्ता अनुसार मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद:- ४

८. कार्यक्रम सञ्चालनका विस्तृत मापदण्डहरू :-

८.१ लेखन वृत्ति

८.२ विषय क्षेत्र : उपमहानगरपालिकाले गरेका मुख्य कार्यहरू जस्तैः सामाजिक, आर्थिक, भौतिक पूर्वाधार तथा संस्थागत र सुशासन क्षेत्रमा भएको लगानीबाट समाजमा देखिएको सकारात्मक एवम् गुणात्मक प्रतिफल सम्बन्धि विषयको समालोचनात्मक ढङ्गले लेखिएका लेख, रचना आदि ।

८.३ स्थानीय सरकारप्रति नगरवासीहरुको कर्तव्य र दायित्व बोध गर्ने गरि स्थानीय समुदायले गरेका कामहरुको समाचार, लेख, रचनाका माध्यमबाट प्रकाशन तथा प्रशारण भएका सामाग्रीहरु ।

८.४ उपमहानगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन, नगर सौन्दर्यीकरण, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन पद्धतिको विकास, पर्यटन प्रवर्द्धन तथा धार्मिक सहिष्णुताका विषयहरुबाट समाजमा देखिएको प्रभाव ।

८.५ योग्यता : नेपालगञ्जमा कम्तीमा १ वर्षदेखि सक्रिय पत्रकार वा सञ्चार संस्था ।

८.६ लेखन मापदण्ड : छापा र अनलाइनका लागि कम्तीमा १,००० शब्दको खोजमूलक लेखन रेडियो/टिभीका लागि कम्तिमा १०–१५ मिनेटको अडियो–भिडियो रिपोर्ट ।

८.७ मूल्याङ्कन : विषयवस्तुको मौलिकता (३०%),तथ्य/स्रोतको प्रयोग (४०%) र सकारात्मक प्रभाव (३०%) का आधारमा विस्तृत मापदण्ड तय गरि मूल्याङ्कनका आधारमा सञ्चार समितिले छनोट गर्नेछ ।

९. लोककल्याणकारी विज्ञापन वितरण

९.१ प्राथमिकता : नेपालगञ्ज उपमहानगरपालिकाको स्थायी ठेगाना उल्लेख गरि दर्ता भएर नियमित सञ्चालनमा रहेका 'क' र 'ख' वर्गका छापा पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन माध्यमबाट नेपालगञ्जको जनसरोकारका विषायहरु संग सम्बन्धित सूचना तथ सन्देशहरु प्रकाशन तथा प्रशारण गर्ने सञ्चार माध्यमहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

९.२ लोक कल्याणकारी विज्ञापन वितरणका लागि दररेट निर्धारण गर्दा सञ्चार क्षेत्र प्रवर्द्धन समितिको निर्णय अनुसार हुनेछ ।

९.३ आवश्यक शर्त : उपमहानगरपालिकाका सूचनाहरू नियमित रूपमा प्रसारण वा प्रकाशन गर्नुपर्ने छ ।

९.४ समितिले गरेको दररेट सम्झौता भएको मितिदेखि मात्र लागू हुनेछ ।

१०. कल्याणकारी कोषमा जम्मा हुने रकम : नेपालगञ्ज उपमहानगरपालिकाले वार्षिक रुपमा, सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रममा विनियोजन गरेको रकमबाट सो सम्बन्धी काम गर्नका लागि कुनै सञ्चार गृह संग सम्झौता गरि कार्यादेश दिए अनुसार कार्यसम्पन्न पश्चात् भुक्तानी दिंदा कूल भुक्तानी हुने रकमको १० प्रतिशत रकम कट्टी गरि नेपालगञ्ज पत्रकार कल्याणकारी कोषमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद:- ५

**११. चालू आ.व. २०८२।०८३ को स्वीकृत बजेट कार्यक्रम कार्यान्वयन प्रक्रिया :-** नेपालगञ्ज उपमहानगरपालिकाद्धारा सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रममा विनियोजित कूल रकम रु १५,००,०००।- (अक्षेरुपी रु. पन्ध्र लाख) लाई देहाय बमोजिम "नेपालगञ्ज पत्रकार कल्याणकारी कोष" को नाममा 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली उक्त खातामा अक्षय कोषको रुपमा रकम जम्मा गर्नेछ ।

**११.१ कोषको सञ्चालन :** कोषको सञ्चालनका लागि नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाबाट "नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका" स्वीकृत गराई उक्त निर्देशिका बमोजिम सञ्चालन गरिनेछ ।

**११.२ सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रम :** नेपालगञ्ज उपमहानगरपालिकाले संचार क्षेत्र प्रवर्द्धन सम्बन्धि विनियोजित बजेट कार्यक्रमबाट कार्यक्रम संचालन गरिने छ ।

## परिच्छेद:- ६

**१२. सम्झौता तथा कार्यादेशका शर्तहरू:**

**१२.१.** प्रकाशन, प्रशासन तथा श्रव्यदृष्य सामग्री उपमहानगरपालिकाको कार्यक्षेत्र र जनहितमा केन्द्रित हुनुपर्नेछ ।

**१२.२.** प्रेस काउन्सिलको आचारसंहिता पालना गर्नुपर्ने र जातीय वा धार्मिक द्वेष फैलाउने शब्द प्रयोग गर्न पाइने छैन ।

**१२.३.** फेलोसिपको हकमा सामग्री उत्पादन हुनुअघि उपमहानगरपालिकाबाट स्क्रिप्ट स्वीकृत गराउनुपर्नेछ ।

**१२.४.** भुक्तानी प्रक्रिया: (१) कार्य सम्पन्न भएपछि बिल र कार्यसम्पन्न प्रतिवेदन सूचना प्रविधि शाखामा पेश गर्नुपर्नेछ ।

१२.५. सूचना प्रविधि शाखाको प्रमाणीकरण र समितिको सिफारिसमा सम्बन्धित सञ्चार माध्यमले उपलब्ध गराएको बैंक खातामा रकम भुक्तानी गरिनेछ ।

१२.६. भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टी गरिनेछ ।

## परिच्छेद:- ७

## १३. विविध

१३.१ अभिलेख व्यवस्थापनः उपमहानगरपालिकाले सबै सूचीकृत माध्यम र प्रकाशित सामग्रीको डिजिटल आर्काइभ राख्नेछ ।

१३.२. पुरस्कार सम्बन्धी व्यवस्थाः प्रत्येक वर्षको नगरपालिका स्थापना दिवसको अवसरमा उत्कृष्ट पत्रकारिता गर्ने पत्रकार र सञ्चार संस्थालाई नगद सहित पुरस्कृत गरिनेछ ।

१३.३. खारेजी तथा जरिवाना : झुठा विवरण पेश गरि सूचीकृत प्रमाणपत्र लिएको वा सम्झौता विपरित कार्य गरेको पाइएमा समितिले सूचीकृत प्रमाणपत्र रद्ध गरी भुक्तानी रोक्का गर्न सक्नेछ ।

१३.४ बाधा अड्काउ फुकाउ : यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा, अवरोध वा द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको परिधि भित्र रहि नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकबाट भएको निर्णय अन्तिम मानिनेछ ।

१३.५ संशोधन : यस कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाको बैठक बाट संसोधन गर्न सकिनेछ ।

आज्ञाले,
मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : ईति सम्वत् २०८३ साल जेष्ठ २७ गते रोज ४ शुभम् ।